बैठक मिति: २०७५।१२।६

<u>छलफल तथा निर्णयहरु</u>

१. राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा ७ को उपदफा (२) खण्ड (ञ) मा नेपाल सरकारबाट मनोनित पच्चीस जना सदस्यको सम्बन्धमा जिल्ला समन्वय समितिका प्रमुखहरु, स्थानीय तहका प्रतिनिधिहरु, प्रचलित कानून बमोजिम स्थापना भएका संघ वा संस्थाका प्रतिनिधि र निजी क्षेत्रलगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुर्‍याएका व्यक्तिहरुमध्ये बाट कम्तीमा एक तिहाई महिलासहित पच्चीस जना सदस्य रहने व्यवस्था भएअनुसार संलग्न अनुसूची (१) मा उल्लेख गरिएअनुसार पच्चिस जना महानुभावहरुलाई परिषद्को सदस्यको रुपमा मनोनयन गर्नका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने।

२. राष्ट्रिय विकास परिषद्को बैठक मिति २०७५ चैत्र २० र २१ गते काठमाडौंमा आयोजना गर्ने ।

३. सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय योजना आयोगका अध्यक्षज्यूको अध्यक्षतामा मिति २०७५ चैत्र २० र २१ गते काठमाडौंमा आयोजना हुने राष्ट्रिय विकास परिषद्को बैठकमा विशिष्ट सहभागीहरुको उपस्थितिलाई समेत ध्यानमा राख्दै करिब ३००-३५० जना सहभागीहरुको सहज किसिमबाट व्यवस्थापन गर्न र विभिन्न ६ वटा विषय क्षेत्रगत समूहको समूहगत छलफलका लागि छुट्टाछुट्टै हलहरु समेत उपलब्ध हुने उपयुक्त होटलको खोजी गर्दा काठमाडौं स्थित होटल सोल्टी मात्र उपलब्ध हुनसक्ने भएको हुँदा उक्त होटलमा कार्यक्रम आयोजना गर्न वार्ताको माध्यमबाट सुविधा तथा सेवा शुल्क तय गर्ने गरी सुशासन तथा सामाजिक महाशाखाले आवश्यक व्यवस्था मिलाउने।

४. राष्ट्रिय विकास परिषद् बैठकको पहिलो दिन मिति २०७५ चैत्र २० गते सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास परिषद्का अध्यक्षज्यूको तर्फबाट बैठकमा सहभागीहरुको सम्मानमा रात्रीभोजको आयोजना गर्ने।

५. काठमाडौं उपत्यका बाहिरबाट सहभागी हुने राष्ट्रिय विकास परिषद्का सदस्यहरुका लागि नेपाल सरकारको विशिष्ट श्रेणीले पाउने बराबरको दैनिक तथा भ्रमण भत्ता नियमानुसार उपलब्ध गराउने।

६. राष्ट्रिय विकास परिषद्का पच्चिस जना मनोनित सदस्यहरुलाई परीवहन भत्ता वापत दैनिक रु. २५००/- का दरले उपलब्ध गराउने।

७. राष्ट्रिय विकास परिषद् बैठकमा सहभागी विशिष्ट महानुभावहरुका साथ आउनु हुने सुरक्षाकर्मी, सवारीचालक तथा सहयोगी कर्मचारीहरुलाई पनि कार्यक्रमस्थलमा खाजा-खानाको लागि व्यवस्था मिलाउने।

८. राष्ट्रिय विकास परिषद्को सफल सञ्चालन तथा व्यवस्थापनका लागि सुशासन तथा सामाजिक विकास महाशाखाबाट प्रस्ताव गरिए बमोजिम माननीय उपाध्यक्षज्यूको अध्यक्षतामा निर्देशक समिति, श्रीमान् सचिवज्यूको अध्यक्षतामा व्यवस्थापन समिति र सो अन्तर्गत सहसचिवहरुको अध्यक्षतामा विभिन्न उपसमितिहरु गठन गर्ने र समितिहरुको कार्यविभाजन र कार्यादेश स्वीकृत गर्ने।